# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा

**डिप्लोमा तथा प्रमाणपत्र तहको स्वास्थ्य संकाय अन्तर्गत सामान्य चिकित्सा, फार्मेसी, नर्सिंग र मिडवाइफ्री वर्गीकृत (नि:शुल्क) छात्रवृति तर्फका कार्यक्रमहरुको योग्यताक्रम सुची प्रकाशन गरिएको सम्बन्धि अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०५/१६**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०८२/०४/०५ गते प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत रहेका शिक्षालयहरुमा डिप्लोमा/प्रमाणपत्र तहका वर्गीकृत (नि:शुल्क) छात्रवृति तर्फका स्वास्थ्य संकाय अन्तर्गत सामान्य चिकित्सा, फार्मेसी, नर्सिंग र मिडवाइफ्री कार्यक्रमहरुमा अध्ययनका लागि तोकिएको म्याद भित्र रितपूर्वक पर्न आएका अनलाईन आवेदन फाराम मध्ये प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृति वितरण तथा भर्ना सम्बन्धि निर्देशिका, २०८२ बमोजिम रुजु गरि एस.ई.ई./एस.एल.सि. को नतिजामा प्राप्त गरेको अंक/जी.पी.ए. का आधारमा स्वीकृत कार्यक्रमहरुको वर्ग र कोटामा योग्यताक्रम अनुसार मिति २०८२/०५/१५ गतेको निर्णय बमोजिम मुख्य उम्मेदवार तथा बैकल्पिक उम्मेदवारको योग्यताक्रम र रद्द गरिएका आवेदकहरुको सुची समेत प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ | मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवार हरु मिति २०८२/०५/२५ गते कार्यालय समय भित्र आफ्नो Application Acceptance Card, योग्यताक्रम सूचिको प्रति, सैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकता/जन्म दर्ताको प्रमाणपत्र, छनौट भएको लक्षित वर्ग खुल्ने प्रमाणपत्र, पासपोर्ट साईजको आफ्नो फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन् जानकारी गराईन्छ | समबन्धित शिक्षालयले यसै सूचनालाई आधारमानी भर्ना सम्बन्धि निर्देशिका र सुचनामा उल्लेख भए बमोजिम उम्मेदवारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यहरुले रुजु गरेर मात्र भर्ना गराउनुहुन् अनुरोध छ | साथै भर्नाको लागि तोकिएका शिक्षालयहरुका कार्यक्रमहरुमा भर्ना हुन् तोकिएको अन्तिम मिति सम्म भर्ना हुन् नआएका उम्मेदवारहरुको जानकारी परिषद्, मधेश प्रदेश कार्यालयको ईमेल ठेगाना ctevtmadhshexam@gmail.com मा अनिवार्य रुपमा भर्ना सम्बन्धि निर्देशिकाको दफा १८ बमोजिम ३ दिन भित्र लिखित जानकारी गराउनु पर्नेछ | उम्मेदवारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु फर्जी भएका जुन सुकै बखत नतिजा तथा भर्ना स्वतः रद्द हुनेछ र सोको जिम्मेवार बिद्यार्थी स्वयम हुनेछ |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा

निर्देशक